दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना
आयोजना व्यवस्थापन कार्यालयको प्रकाशन

# परिवर्तन

ADB

## खानेपानी तथा सरसफाइ संगालो

पौष २०७२ अंक ८ | January 2016, Vol-8

## नेपालमा एशियाली विकास बैंकको सहयोगमा संचालित दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना




### शुभकामना



दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना, आयोजना व्यवस्थापन कार्यालयद्वारा विगत ५ वर्ष अघिदेखि प्रकाशन गर्दै आएको खानेपानी तथा सरसफाइ संगालो **"परिवर्तन"** ले आम उपभोक्ता तथा सरोकारवाला माझमा आयोजना सम्बन्धी कार्यक्रमहरु, त्यसको प्रगति, कार्यक्रमको प्रभावकारीता लगायत खानेपानी तथा सरसफाइका गतिविधिहरु सम्बन्धी सूचना पुऱ्याउदै आयोजनालाई पारदर्शिरुपमा अघि बढाउन महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ । त्यसै प्रकाशनलाई निरन्तरता दिँदै दोस्रो/तेस्रो साना सहरी खानेपाानी तथा सरसफाइ आयोजनाहरुको गतिविधिहरु संगाली सूचना मूलक प्रकाशन "परिवर्तन" को आठौं अंक प्रकाशन हुन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ । यसको निरन्तरताको लागि हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

रामचन्द्र देवकोटा
महानिर्देशक
खानेपानी तथा ढल निकास विभाग

### प्रतिबद्धता



नेपाल सरकार र एशियाली विकास बैंकको सहयोगद्वारा प्रथम साना सहरी खानेपानी तथा सरसफाइ आयोजना (वि.सं २०५७/२०५८-२०६४/२०६५) बाट २९ वटा नगर आयोजना सम्पन्न भई संचालनमा छन् भने दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना (२०६६/२०६७-२०७२/२०७३) अन्तर्गत २१ वटा नगर आयोजनाहरु कार्यान्वयन भइ १६ वटा नगर आयोजनाहरुमा पानी संचालन भइसकेका छन् भने बाँकी आयोजनाहरु छिट्टै सम्पन्न हुने अवस्थामा छन् । साथै प्रतिफलमा आधारित अनुदान सहयोगद्वारा बिपन्न तथा गैरलाभान्वित समूहका २९३१ घरधुरीमा चर्पी तथा ३५७९ घरधुरीमा धाराजडान भइसकेका छन् । यसैगरी तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना (२०७१/२०७२-२०७७/२०७८) अन्तर्गत करिब २६ वटा नगर आयोजनाहरु अध्ययन तथा बिभिन्न चरणमा कार्यान्वयनमा रहेका छन् । मूलत दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाले सहलगानी, लागत असुली, लैंगिक समानता र सामाजिक समावेशी, प्रतिफलमा आधारित अनुदान, पारदर्शिता र उत्तरदायीत्व जस्ता ठोस नीति अवलम्वन गर्दै अघि बढी रहेको व्यहोरा पनि सहस्र जानकारी गराउन चाहान्छु ।

यसरी पहिलो, दोस्रो तथा तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाले नेपालको साना सहरका करिब १३ लाख १८ हजार ४६ जना जनसंख्यालाई उच्च/मध्यम स्तरको खानेपानी तथा सरसफाइको सुविधा प्रदान गरी नेपाल सरकारको उद्देश्य अनुरुप सबै नेपालीहरुलाई वि.सं २०७५ भित्र गुणस्तरीय खानेपानी तथा सरसफाइको सुविधा उपलव्ध गराउने लक्ष्य परिपूर्तिको लागि महत्वपूर्ण भूमिका खेलेको छ ।

दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना, आयोजना व्यवस्थापन कार्यलयको नियमित प्रकाशन **"परिवर्तन"** को पहिलो देखि सातौं अंक सम्म दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको परिचय देखि कार्यक्रम, प्रगति तथा बिभिन्न गतिविधिहरु संगाली प्रकाशन गरेका थियौं । त्यसैको निरन्तरता स्वरुप परिवर्तनको आठौं अंकले विशेष गरी तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको परिचय, उद्देश्य तथा प्रगति सहित दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाहरुको कार्यक्रम तथा प्रगति समेटिएको जानकारी गराउन चाहन्छु । परिवर्तनको आठौं अंकले पक्कै पनि पाठकहरु समक्ष सूचना सम्प्रेसण गर्न मद्दत पुऱ्याउने छ भन्ने मैले विश्वास लिएको छु । भविष्यमा पनि यस प्रकाशनलाई निरन्तरता दिँदै जाने प्रतिवद्धता गर्दै यहाँहरुको राय:सुझावको अपेक्षा राख्दछु ।

(तिरेशप्रसाद खत्री)
का.मु. आयोजना निर्देशक
आयोजना व्यवस्थापन कार्यालय



## तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको पृष्ठभूमि तथा परिचय

नेपालमा विकासको गतिसँगसँगै, सहरीकरणको गति अत्यन्त तिव्र रुपमा भइरहेको छ। बिस्तार भइरहेका साना सहरहरूमा जनसंख्याको बढ्दो चाप तथा औद्योगिक तथा व्यापारिक क्रियाकलापहरू बढ्दै गएको हुँदा साविकमा उपलब्ध खानेपानी र सरसफाइको सुविधा तथा गुणस्तर अपेक्षाकृतरुपमा अपर्याप्त हुँदै आइरहेको छ। यसै तथ्यलाई मध्यनजर गर्दै नेपाल सरकारले, सहरी खानेपानी तथा सरसफाइ नीति (२०६६) ले तोकेको परिभाषा अनुसार १५ बर्षिय विकास योजना (२०६७) मा सूचिकृत १६७ वटा सहरहरू/नगर क्षेत्रहरूमा साना सहरी खानेपानी तथा सरसफाइ आयोजना चरणबद्धरुपले संचालन गर्दै स्वच्छ, गुणस्तरीय र सहज खानेपानी तथा सरसफाइ सेवा सुविधा विस्तार गर्दै जाने लक्ष्य राखेको छ।

सोही अनुरुप नेपाल सरकारले, एकिकृतरुपमा गुणस्तरीय खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने उद्देश्यले एशियाली विकास बैंकको ऋण सहयोगमा प्रथम चरण अन्तर्गत (२०५७/०५८-२०६४/०६५) २९ वटा साना सहरहरूमा साना सहरी खानेपानी तथा सरसफाइ आयोजना संचालन भई करिव ५ लाख ९३ हजार जनता खानेपानी तथा सरसफाइ सेवाबाट लाभान्वित भएका छन्। त्यसै गरी दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना २०६६/०६७ देखि २०७२/०७३ सम्म २१ ओटा साना सहरहरुमा एसियाली विकास बैंकको अनुदान सहयोगमा सम्पन्न हुने क्रममा छन्। यी आयोजनाहरु सम्पन्न भए पश्चात करिब ३ लाख ३५ हजार २ सय ४६ जनसंख्यालाई उच्चस्तरीय/मध्यमस्तरीय खानेपानी तथा सरसफाइको सुविधा उपलब्ध हुने छ भने करिब ८ हजार गरीब तथा विपन्न घरधुरीमा प्रतिफलमा आधारित अनुदानबाट चर्पी तथा धारा निर्माण हुनेछन्। त्यसै गरी ५ ओटा नगरमा सेफ्टी टैंकबाट निस्केको फोहर व्यवस्थापन र २१ओटा नगरमा फोहर मैला व्यवस्थापन भइरहेको छ।

हाल पहिलो र दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनालाई निरन्तरता दिदैं एसियाली विकास बैंकको ऋण सहयोगमा तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना आ.ब. २०७१/०७२ देखि २०७७/०७८ सम्म करिव २६ ओटा नगरहरुमा सञ्चालन हुन गइरहेको छ। जसको फलस्वरुप ३ लाख ९० हजार जनसंख्याले उच्चस्तरीय/मध्यमस्तरीय खानेपानी तथा सरसफाइको सुविधा प्राप्त गर्नेछन्। त्यसैगरी यस आयोजनाबाट ७८ हजार घरधूरीमा अतिरिक्त नीजि धारा जडान र ६९,६८० क्यु.मि. क्षमता भएको २६ ओटा प्रशोधन केन्द्र बन्नेछन्। यसैगरी प्रतिफलमा आधारित अनुदानबाट गरिव घरपरिवारमा करिव २० हजार ३ सय ओटा चर्पी र धारा निर्माण हुनेछन्। साथै २६ ओटा सेफ्टी टैंक समेतको सार्वजनिक शौचालय निर्माण हुने प्रावधान रहेको छ। यसको अतिरिक्त १४ ओटा आयोजनाहरुमा सेफ्टी टैंकबाट निस्केको फोहर व्यवस्थापन सुविधाको निर्माण र २ ओटा २५ सय क्यु.मि. प्रति दिन क्षमता भएको विकेन्द्रित खेर गएको पानी प्रशोधन सुविधा (DEWATS) को निर्माण कार्य भइरहेको छ।

## साना शहरको आधारहरू

- **जनसङ्ख्या** - जनसङ्ख्या ५००० - ४०,००० सम्म भएको
- **मोटरबाटोको सुविधा -** बाऱ्है महिना मोटर बाटोको सुविधा भएको
- **भौतिक सुविधाहरू -** विजुली, टेलिफोन, कम्तीमा एउटा माध्यमिक विद्यालय तथा स्वास्थ्य चौकी र बैकिंङ्ग सेवा उपलब्ध भएको

## आयोजनाको अवधारणा

- नेपाल सरकार, उपभोक्ता वर्ग र स्थानीय निकायको सहलगानी र लागत असुलीमा आधारित हुने।
- आयोजनाको निर्माण, सञ्चालन र संम्भारमा उपभोक्तावर्गको संलग्नता रहने तथा लैङ्गिक समानता र सामाजिक समावेशीकरण हुने।
- सेवाको गुणस्तर सुधार र सेवास्तरमा अभिवृद्धि।

## आयोजनाको लक्ष्य/उद्देश्य

- आयोजना क्षेत्रका उपभोक्ताहरुको जीवनस्तरमा सुधार ल्याउने।
- दिगो तथा समाबेशी खानेपानी तथा सरसफाइ सेवा प्रदान गर्ने।

## आयोजनाको कार्यक्षेत्र

- खानेपानी तथा सरसफाइ पूर्वाधारको सुधार तथा विस्तार
- क्षेत्रगत नीति, नियम, संस्थागत क्षमता तथा सेवा प्रदानमा सशक्तिकरण
- आयोजना कार्यान्वयन प्रक्रियामा सुधार

## आयोजनाको नीति

- **सहलगानी/लागत असुली तथा साझेदारी**

नगर आयोजनाको निमार्णमा पूँजिगत लगानी स्वरूप खानेपानी संरचना निर्माणमा उपभोक्ताको सहलगानीको नीति अपनाइएको छ। उपभोक्ताले गर्ने सहलगानीको अंश आयोजनाको विस्तृत इन्जिनियरिङ डिजाइनको आधारमा खानेपानी निर्माण लागतको ३०% सम्म सहलगानी गर्ने छ। सो मध्ये ५% रकम आयोजना संचालनको प्रतिवद्धता स्वरुप अग्रिम नगद जम्मा गर्नु पर्ने छ। बाँकी नपुग रकम २५% उपभोक्ता संस्थालाई नगर विकास कोषले ऋण प्रवाह गर्नेछ। उक्त ऋण सहुलियत (grace period) अवधि ५ वर्षसहित २५ वर्षभित्र चुक्ता गर्नुपर्नेछ। यस अवधिभित्र पानी सेवाशुल्क वापत उपभोक्ताबाट असुल गरेको रकमबाट उपभोक्ता संस्थाले नगर विकास कोषलाई ऋण भुक्तानी गर्दै जानेछ। सो ऋणको ब्याज ५% हुनेछ।

- **लैङ्गिक समानता र सामाजिक समावेशीकरण**

विकासका सबै प्रक्रियामा लैङ्गिक तथा गैरलाभान्वित वर्ग/समुदायको समानुपातिक प्रतिनिधित्व र सहभागितालाई प्रोत्साहित गर्दै जाने उद्देश्यले लैङ्गिक समानता तथा सामाजिक समावेशीका लागि विपन्न / गरिब, कमजोर तथा पछाडि परेका जनजाति/वर्ग/समुदायहरूलाई आयोजनाको सबै तह र पक्षहरूमा समावेश गराउने हेतुले सम्बद्ध निकायहरू मार्फत आयोजनाले लैङ्गिक समानता र सामाजिक समावेशी नीति अबलम्बन गर्नेछ।

- **प्रतिफलमा आधारित अनुदान**

यस आयोजनाले अति विपन्न/गरीब जोखिममा परेका वर्ग र समावेशीकरण गर्नु पर्ने समूहहरुलाई खानेपानी तथा सरसफाइको सेवा सहज उपलब्ध गराउने रणनीति अपनाएको छ। यस अन्तरगत सेवा प्रदायक संस्थाको रुपमा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थालाई अनुदान रकम उपलब्ध हुनेछ। साथै सामाजिक आर्थिक विवरणका आधारमा पहिचान तथा छनौट भएका घरधुरीहरुमा निजी धारा जडान तथा चर्पी निर्माण भएको प्रमाणका आधारमा अनुदान दिइने छ।

- **पारदर्शिता र उत्तरदायित्व**

आयोजनाका क्रियाकलापहरूको पारदर्शिता र जन उत्तरदायित्वपूर्ण जवाफदेही बनाउन सम्बद्ध निकाय/सरोकारवाला वर्ग/समुदायहरू देखि सर्वसाधारणसम्म सबैलाई सुसूचित बनाउन सूचना सम्प्रेषणका विभिन्न माध्यमहरू तथा सचेतना कार्यक्रमहरू मार्फत आयोजनाबारे जानकारी तथा आवश्यक सूचनाहरू सम्प्रेषण गरिनेछन् ।

## आयोजनाको लागत अनुमान

### वित्तीय बाँडफाँड

| सि.न. | स्रोत | लागत (अमेरिकी डलर) |
|---|---|---|
| १. | नेपाल सरकार | २ करोड ३१ लाख |
| २. | एशियाली विकास बैकं | ६ करोड |
| ३. | OFID (The OPEC Fund for International Development) | २ करोड |
| ४. | Sanitation Financing Partnership Trust Fund | १३ लाख |
| ५. | स्थानीय निकाय/उ.स. | ४६ लाख |
| | **कुल लागत** | **१० करोड ९० लाख अमेरिकी डलर** |

## आयोजनामा संलग्न सरोकारवाला निकायहरू

१. खानेपानी तथा सरसफाइ मन्त्रालय
२. खानेपानी तथा ढल निकास विभाग
३. आयोजना व्यवस्थापन कार्यालय
४. क्षे.अ.तथा सु.का./खा.पा.स.डि.का./सब-डि.का.
५. क्षेत्रीय आयोजना व्यवस्थापन कार्यालय/नगर आयोजना कार्यालय
६. डिजाइन, सुपरिवेक्षण तथा व्यवस्थापन परामर्शदाता
७. नगर विकास कोष
८. स्थानीय निकाय
९. जिल्ला/गाँउ/नगरपालिका-खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (D-WASH-CC, V-WASH-CC/M-WASH-CC)
१०. खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/खा.पा.उ.स.स.
११. राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र
१२. निर्माण व्यवसायी
१३. एशियाली विकास बैंक

## तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अर्न्तगत प्रथम चरणमा छनौट भएका १२ वटा आयोजनाहरूको हाल सम्मको विवरण तथा हाल सम्मको प्रगति निम्न अनुसार रहेको छ ।

### प्रथम चरण

| सि.न. | नगर आयोजना | जिल्ला | डि. सु. ब्य. परामर्शदाता | निर्माण ब्यवसायी | निर्माण कार्य |
|---|---|---|---|---|---|
| १. | टिकापुर | कैलाली | बि.डि.ए– पि.इ.ए.जेभी | Cico-Tundi JV | निर्माण कार्य शुरुवात भएको |
| २. | चन्द्रौटा | कपिलवस्तु | बि.डि.ए– पि.इ.ए.जेभी | Chandra Basant-Nepal Adarsha JV | निर्माण कार्य शुरुवात भएको |
| ३. | मुसिकोट खलङ्गा | रुकुम | बि.डि.ए– पि.इ.ए.जेभी | Kankai Int. Builder | निर्माण कार्य शुरुवात भएको |
| ४. | खलङ्गा सितलपाटी | सल्यान | बि.डि.ए– पि.इ.ए.जेभी | Chandra Basant-Nepal Adarsha JV | निर्माण कार्य शुरुवात भएको |
| ५. | निर्मल पोखरी | कास्की | बि.डि.ए– पि.इ.ए.जेभी | – | आर्थिक लेखाजोखा भइरहेको |
| ६. | छापनाला/ डुम्रे बजार | तँनहु | बि.डि.ए– पि.इ.ए.जेभी | Prera Construction | निर्माण कार्य शुरुवात भएको |
| ७. | विदुर | नुवाकोट | टेक– आइकन जेभी | – | आर्थिक लेखाजोखा भइरहेको |
| ८. | सखुवा महेन्द्रनगर | धनुषा | टेक– आइकन जेभी | Raman Construction | निर्माण कार्य शुरुवात भएको |
| ९. | मिर्चैया | सिराहा | टेक– आइकन जेभी | Raman Construction | निर्माण कार्य शुरुवात भएको |
| १०. | महेन्द्रनगर / चक्रघट्टी | सुनसरी | टेक– आइकन जेभी | Kankai International | निर्माण कार्य शुरुवात भएको |
| ११. | चारआली | झापा | टेक– आइकन जेभी | Kankai International | निर्माण कार्य शुरुवात भएको |
| १२. | इलाम बजार | इलाम | टेक– आइकन जेभी | – | – |

## तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अर्न्तगत दोस्रो चरणमा छनौट भएका आयोजनाहरू तथा हाल सम्मको प्रगति

| सि. न. | नगर आयोजना | जिल्ला | डि. सु. ब्य. परामर्शदाता | सम्भाब्यता अध्ययन |
|---|---|---|---|---|
| १. | सुँडा | कञ्चनपुर | बि.डि.ए– पि.इ.ए.जेभी | सम्भाव्यता अध्ययन सम्पन्न |
| २. | विरेन्द्रनगर | चितवन | टेक– आइकन जेभी | सम्भाव्यता अध्ययन सम्पन्न |
| ३. | खलङ्गा / अमरगढी | डडेलधुरा | बि.डि.ए– पि.इ.ए.जेभी | – |
| ४. | कटहरीया | रौतहट | टेक– आइकन जेभी | – |
| ५. | चैनपुर | बझाङ्ग | बि.डि.ए– पि.इ.ए.जेभी | – |
| ६. | लालबन्दी | सर्लाही | टेक– आइकन जेभी | सम्भाव्यता अध्ययन सम्पन्न |
| ७. | दिक्तेल | खोटाङ्ग | टेक– आइकन जेभी | – |
| ८. | चरीकोट | दोलखा | टेक– आइकन जेभी | – |
| ९. | तमसरीया | नवलपरासी | बि.डि.ए– पि.इ.ए.जेभी | सम्भाव्यता अध्ययन सम्पन्न |
| १०. | कटारी | उदयपुर | टेक– आइकन जेभी | सम्भाव्यता अध्ययन सम्पन्न |
| ११. | बाबियाचौर | सर्खेत | बि.डि.ए– पि.इ.ए.जेभी | सम्भाव्यता अध्ययन सम्पन्न |
| १२. | भोजपुर बजार | भोजपुर | टेक– आइकन जेभी | – |
| १३. | आबु खैरेनी | तनहुँ | बि.डि.ए– पि.इ.ए.जेभी | सम्भाव्यता अध्ययन सम्पन्न |
| १४. | लिवाङ्ग | रोल्पा | बि.डि.ए– पि.इ.ए.जेभी | – |

## दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत संचालित गोष्ठि /तालिम (२०७२ वैशाख देखि पौष सम्म)

| क.स | तालिमको प्रकार | मिति | दिन | सहभागिहरुको संख्या | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | | | महिला | पुरुष | |
| १) | क्षेत्रीय डिजाइन सुपरीवेक्षण तथा व्यवस्थापन परामर्शदाताहरुको pre - mobilization conference | २०७२/२/२९ | १/२ | - | २५ | २५ |
| २) | खानेपानी उपभोक्ता तथा सरसफाइ समितिका पदाधिकारीहरुलाई निर्माण चरण सम्बन्धी अभिमुखिकरण गोष्ठी- | १७/३/२०७२ देखि १८/३/२०७२ | २ | २ | ११ | १३ |
| ३) | विलिङ्ग सफ्टवेर तालिम | २५/०३/२०७२ देखि २८/०३/२०७२ | ४ | ६ | २२ | २८ |
| ४) | वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी तालिम | २७/३/२०७२ देखि ३१/३/२०७२ | ५ | ९ | १४ | २३ |
| ५) | प्रशिक्षण - प्रशिक्षण तालिम | २६/४/२०७२ देखि १/५/२०७२ | ८ | १३ | ८ | २१ |

### क्षेत्रीय डिजाइन सुपरीवेक्षण तथा व्यवस्थापन परामर्शदाताहरूको pre - mobilization conference सम्पन्न



तेस्रो साना शहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत स्थापना भएका क्षेत्रीय आयोजना व्यवस्थापन कार्यलय इटहरी र नेपालगंजको निमित्त छनौट भएका क्षेत्रीय डिजाइन सुपरीवेक्षण तथा व्यवस्थापन परामर्शदाता क्रमस TEAC - ICON JV र BDA-PEA JV का Key professionals र अन्य कर्मचारीहरुलाई आ-आफ्नो कार्यस्थलमा जानुपूर्व डिजाइन सुपरीवेक्षण तथा व्यवस्थापन परामर्शदाताको कार्य विवरण, भूमिका आदिवारे छलफल गर्ने उदेश्यले मिति २०७२/२/२९ गते "Pre - mobilization conference" Embassy Hotel, पानीपोखरी, काठमाडौंमा सम्पन्न भयो ।

उक्त अवसरमा आयोजना निर्देशक श्री तिरेस प्रसाद खत्री ज्यूले सहभागीहरुलाइ स्वागत गर्नुको साथै आयोजनाको नीति निर्देशन सहित उहाँहरुको भूमिका वारेमा प्रकाश पार्नु भयो । साथै जेष्ठ ३२,२०७२ भित्र आ-आफ्नो कार्यस्थलमा गई काम शुरुवात गर्न आग्रह गर्नु भयो । यस कार्यक्रममा स्रोत व्यक्तिहरु श्री सन्जय अधिकारी, डा. महेश भट्टराई, श्री हर्क वहादुर क्षेत्री र श्री उमेश ढुङ्गाना बाट आयोजना सम्बन्धी विभिन्न विषय वस्तुमा प्रकाश पार्नु भयो ।

### निर्माण सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन

आयोजना व्यवस्थापन कार्यालयले तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अर्न्तगतका निर्माण चरणमा प्रवेश गर्न लागेका नगर आयोजनाहरुको उपभोक्ता समितिका पदाधिकारीहरुलाइ निर्माण चरण सम्बन्धी ज्ञान तथा सिप दिन आवश्यक रहेकोले मिति २०७२/०३/१७ देखि २०७२/०३/१८ सम्म उपभोक्ता समितिका पदाधिकारीहरुको लागि दुई दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।



उक्त कार्यक्रममा निर्माण चरणलाई लक्षित गरि विशेषत: आयोजना कार्यन्वयन प्रकिया, आर्थिक वित्तिय व्यवस्थापन, लेखा प्रणाली, लैङ्गीक समानता तथा सामाजिक समावेशी, स्ट्रेस व्यवस्थापन, गुणस्तर नियन्त्रण र सरोकार पक्षहरुको भूमिका तथा दायित्व सम्बन्धी विषय वस्तुहरु समेटिएको थियो । कार्यक्रममा जम्मा २ जना महिला र ११ जना पुरुष सहभागी रहेका थिए । तालिमले सहभागीहरुलाई ज्ञान तथा सिप प्रदान गर्नुको साथै श्रोत व्यक्तिहरु र आयोजना व्यवस्थापन पक्षका टिमसँग नजिक हुने अवसरका साथै भविष्यमा समस्याहरु छलफल गर्नको लागि सहज वातावरण सृजना गरिएको थियो । उक्त कार्यक्रममा नगर आयोजनाहरु खलंगा–सितलपाटी, मुसिकोट, चन्द्रौटा, चारआली, सखुवा–महेन्द्रनगर र छापनाला–डुम्रेबजार बाट सहभागिहरुको सहभागिता रहेको थियो ।

### सामाजिक परिचालक र परिचालिकाहरुको 'प्रशिक्षक प्रशिक्षण' कार्यक्रम सम्पन्न

तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत, डिजाइन सुपरीवेक्षण परामर्शदाता BDA-PEA JV र TEAC -ICON JV द्वारा तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गतका २६ वटा नगर आयोजनाका लागि नयाँ छनौट भएका सामाजिक परिचालक/परिचालिकाहरुको लागि आयोजना व्यवस्थापन कार्यालय र राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्रको तत्वावधानमा राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र, नगरकोटमा "प्रशिक्षक प्रशिक्षण" कार्यक्रम मिति २०७२/०४/२६ देखि २०७२/०५/१ सम्म ८ दिने आवासीय तालिम सम्पन्न भयो ।




प्रशिक्षणको उद्देश्य खानेपानी र सरसफाइ सम्बन्धी राष्ट्रिय नीति, गुरु योजना, रणनीतिक योजना, कार्ययोजना, प्रशिक्षक प्रशिक्षण तथा तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका अंगहरु, कार्य संचालन प्रकिया, सरोकारवालाहरुको भूमिका र जिम्मेवारी, वित्तीय पक्षहरु, लैङ्गिक समानता र सामाजिक समावेशीकरण, प्रतिफलमा आधारित सहयोग, गुनासो निवारण संयन्त्र तथा विभिन्न सम्झौताहरु सम्बन्धी ज्ञान, कार्य संचालन विधि र सीप विकास गर्नु रहेको थियो ।

उक्त कार्यक्रममा नेपाल बन्दका कारण  चन्द्रैाटा, आबुखैरेनी, डुम्रे, अमरगढी र निर्मल पोखरी नगर आयोजना बाहेकका अरु २१ वटा नगर आयोजनाहरुबाट १३ जना महिला र ८ जना पुरुष गरी जम्मा २१ जना सामाजिक परिचालक/परिचालिकाहरुको सहभागीता रहेको थियो । साथै विषयगत श्रोत व्यक्तिहरु श्री तिरेश प्र. खत्री, श्री केशवराज विष्ट, श्री दिवाकर ढकाल, श्री राजीव घिमिरे, श्री चन्द्रेश्वर साह, श्री कमल अधिकारी, श्री भोजेन्द्र अर्याल, श्री राम प्र. घिमिरे, श्री रजित ओझा, श्री जया शर्मा, श्री संग्राम सिंह तथा श्री पुष्पाञ्जली राणाको संलग्नता रहेको थियो । तालिम संचालन टोलीको सक्रिय सहभागिता, वृहत अन्तरक्रिया, प्रवचन तथा रोल प्ले आदि माध्यमद्वारा 'प्रशिक्षक प्रशिक्षण' कार्यक्रम बन्द हडतालको बावजुद समयभित्र, सबै विषयबस्तु समेटी सफलतापूर्वक सम्पन्न भयो ।

## खानेपानी तथा ढल निकास विभागको ४३ औं स्थापना दिवस सम्पन्न

खानेपानी तथा ढल निकास विभागले गत बर्ष देखि स्थापना दिवस मनाउँदै आएको छ । यस वर्ष पनि २०७२ साल मंसिर ४ गते, खानेपानी तथा ढल निकास विभागले स्थापना भएको दिनको सम्झना गर्दै खानेपानी गुणस्तरको हलमा कार्यक्रम संचालन भएको थियो । उक्त कार्यक्रमको उद्घाटन प्रमुख अतिथि एवं सहरी  विकास मन्त्रालयका सचिव श्री अर्जुन कुमार कार्कीज्यू बाट पानसमा दीप प्रज्जवल गरी गर्नु भएको थियो । उप-महानिर्देशक श्री सुनील कुमार दासबाट सहभागीहरुलाई स्वागत गर्दै खा.पा. विभागको भूमिका बारेमा प्रकाश पार्नु भयो ।



कार्यक्रमको अवसरमा सचिवज्यू बाट विभागबाट प्रकाशित विभिन्न प्रकाशनहरु; WASH EXPO- २०१५ को प्रतिवेदन, स्मारीका-२०७२, सरसफाइ संदेश, सुख्खा क्षेत्र खानेपानी तथा सरसफाइ आयोजना कार्यान्वयन निर्देशिका - २०७१ र साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको डिजाइन गाइडलाइनको विमोचन गर्नु भएको थियो । उक्त अवसरमा खानेपानी तथा ढल निकास विभागका पूर्व महानिर्देशक श्री हरी प्रसाद शर्मा, इन्जिनियर्स एशोसियसनका अध्यक्ष श्री धुर्व थापा, अधिकार सम्पन्न बाग्मती सभ्यता विकास आयोजनाका अध्यक्ष श्री किशोर शाक्य, भौतिक योजना तथा पुर्वाधार विकास मन्त्रालयका सचिव श्री गजेन्द्र ठाकुर, नेपाल ट्रस्ट कार्यलयका सचिव श्री भिम उपाध्याय तथा अर्थ सचिव श्री सुमन शर्माज्यूबाट खानेपानी तथा ढल निकास विभागले देशको ७५ वटै जिल्लामा खानेपानी तथा सरसफाइमा पुऱ्याएको योगदान तथा आगामी वर्षहरुमा खानेपानी तथा ढल निकास विभागले गर्नुपर्ने अति आवश्यक कदमहरुबारे प्रकाश पार्दै यसको उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गर्नुभयो ।

यसै सिलसिलामा सहरी विकास मन्त्रालयका सचिव श्री अर्जुन कुमार कार्कीज्यूबाट सबै कर्मचारीहरुलाई सरकारप्रति बफादार भई उचित कार्य सम्पादन गर्न निर्देशन दिंदै विभागलाई आइपर्ने चुनौती तथा समस्या निराकरण गर्न सुझावहरुका साथ शुभकामना व्यक्त गर्नुभयो । अन्त्यमा, खानेपानी तथा ढल निकास विभागका महानिर्देशक श्री रामचन्द्र देवकोटाज्यूबाट मन्तव्य सहित कार्यक्रमको समापन गर्नुभयो ।

## वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धी तालिम

खानेपानी तथा ढल निकास विभाग अर्न्तगत दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना र राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्रको तत्वावधानमा Environmental Impact Assessment (EIA) सम्बन्धी ५ दिने तालिम २०७२ साल असाढ २७ देखी ३१ गते सम्म काठमाडौंमा सम्पन्न भएको थियो ।  उक्त तालिमको उद्घाटन का.मु. आयोजना निर्देशक श्री तिरेश प्रसाद खत्रीज्युबाट भएको थियो ।  यस तालिममा विभिन्न संघ सस्थाहरुबाट जम्मा २३ जना (१४ पुरुष र ९ महिला) को सहभागीता रहेको थियो । उक्त तालिममा environmental impact, compensation to project affected people for land acquired and trees, ADB's safeguard policy, SEA, OBA तथा GESI सम्बन्धी विषयहरुमा व्यापक अन्तरक्रिया भएको थियो ।



## दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको हाल सम्मको अवस्था तथा प्रगति

| सि. न. | आयोजना (नर्माण कार्य) | भौतिक प्रगति | पानी संचालन |
|---|---|---|---|
| १. | आदर्शनगर, कञ्चनपुर | ९७% | भएको |
| २. | शिवनगर, कैलाली | ९७.७९% | भएको |
| ३. | इन्द्रपुर, मोरङ्ग | ९९.४५% | भएको |
| ४. | दुहवी, सुनसरी | ८६.८९% | भएको |
| ५. | दमक, झापा | ९१.०१% | भएको |
| ६. | फिदिम, पाँचथर | ९१.०१% | नभएको |
| ७. | करैया मकहर, रुपन्देही | ९९% | भएको |
| ८. | बाग्लुङ्ग, बाग्लुङ्ग, | ९५% | भएको |
| ९. | सन्धिखर्क, अर्घाखाँची | ९५.५% | भएको |
| १०. | नारायण, दैलेख | ७१.३४ % | नभएको |
| ११. | लमही, दाङ्ग | ९९% | भएको |
| १२. | दशरथ, बैतडी | ७९.९९% | नभएको |
| १३. | खाँदवारी, संखुवासभा | ९२% | नभएको |
| १४. | काँकडभिट्टा, झापा | ९९.७% | भएको |
| १५. | मुकुन्दपुर, नवलपरासी | ९९.५% | भएको |
| १६. | रामपुर, पाल्पा | ७९.८४% | नभएको |
| १७. | दरख/सुखड, कैलाली | ९७.०२% | भएको |
| १८. | धनकुटा, धनकुटा | ९६% | भएको |
| १९. | लेटाङ्ग, मोरङ्ग | १००% | भएको |
| २०. | ब्यासनगर, तनहु | ८४.१% | भएको |
| २१. | मेघौली, चितवन | ९८% | भएको |

## पानी जीवन, जीवन पानी



डिल्ली प्रसाद ढुंगाना
शाखा अधिकृत
क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालय, पोखरा

संसारको वनोटमा दुई तिहाई पानी
पानी नै हो संसारमा संवृद्धिको खानी ।
वनस्पती जीव जन्तु सवको प्राण पानी
त्यही पानी नभएमा जीवन खेर जानी ।
पाइपबाट आउँछ अव मुलको शुद्ध पानी
यो पानीको जात छैन हुन्न यस्को रंग
धनी गरिब बरावरी मिल्छ सवैसँग ।
मुहानदेखि मुखसम्म स्वच्छ पानी पिउने
त्यही पानी पिएर नै स्वस्थ जीवन जिउने ।
पानी नै हो जीवन हाम्रो जीवन नै हो पानी
फोहर पानी खायो भने रोग लाग्छ नानी ।
सवै पानी खानुहुन्न विचार गर्नुपर्छ
पानी शुद्ध पार्नलाई धेरै हुन्न खर्च ।
मानिसको शरीरमा दुई तिहाई पानी
पानी विना छदैछैन सुख अनि चैन ।
पाहुँना आए सर्वप्रथम टक्राउने पानी
पानी जीवन, जीवन पानी हामी भाग्यमानी ।

## प्रतिफलमा आधारित अनुदानको बिबरण

| सि.न | नगर आयोजना | धारा मात्र | | चर्पि मात्र | | दुबै | | | | कुल छनौट भएका घरधुरी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छनौट भएका घरधुरी | जडान भएका घरधुरी | छनौट भएका घरधुरी | निर्माण भएका घरधुरी | छनौट भएका घरधुरी | निर्माण | | | |
| | | | | | | | धारा | चर्पि | दुबै | |
| १. | इन्द्रपुर, मोरङ्ग | ६७० | ६५० | माग नभएको | | माग नभएको | | | | ६७० |
| २. | दमक, झापा | १४३ | ५० | माग नभएको | | ४२५ | - | २५० | - | ५६८ |
| ३. | फिदिम,पाँचथर | २ | - | माग नभएको | | १३५ | - | १०७ | - | १३७ |
| ४. | लमही, दाङ्ग | माग नभएको | | माग नभएको | | ४०२ | ३४० | ३५० | ३४० | ४०२ |
| ५. | सन्धिखर्क, अर्धाखाची | माग नभएको | | माग नभएको | | ४७ | - | ४७ | - | ४७ |
| ६. | बाग्लुङ्ग, बाग्लुङ्ग | माग नभएको | | १९ | १९ | माग नभएको | | | | १९ |
| ७. | आदर्शनगर, कञ्चनपुर | ५ | ५ | माग नभएको | | १०३ | ४६ | ४६ | ४६ | १०८ |
| ८. | शिबनगर, कैलाली | ६२ | ६२ | माग नभएको | | २४४ | २४४ | २४४ | २४४ | ३०६ |
| ९. | मुकुन्दपुर, नवलपरासी | २८६ | २८६ | माग नभएको | | ३० | ३० | ३० | ३० | ३१६ |
| १०. | मेघौली, चितवन | १३१ | १३१ | माग नभएको | | ८५ | ८५ | ८५ | ८५ | २१६ |
| ११. | काँकडभिट्टा, झापा | माग नभएको | | ४७७ | ४७७ | ५२८ | ५२८ | ५२८ | ५२८ | १००५ |
| १२. | दुहबी, सुनसरी | माग नभएको | | २२५ | २०० | ५१८ | ५ | ३२७ | ५ | ७४३ |
| १३. | लेटाङ्ग, मोरङ्ग | ५८ | ५८ | माग नभएको | | ३४२ | ३४२ | ३४२ | ३४२ | ४०० |
| १४. | सुखड, कैलाली | १७३ | ८३ | ३७ | ३७ | २९६ | १८९ | २९६ | १८९ | ५०६ |
| १५. | नारायण, दैलेख | माग नभएको | | माग नभएको | | ८३१ | - | ८३१ | - | ८३१ |
| १६. | ब्यास, तनहुँ | १६६ | - | माग नभएको | | ८८ | ७४ | ७४ | ७४ | २५४ |
| १७. | रामपुर, पाल्पा | ६५ | ६१ | माग नभएको | | ३४४ | १०० | २५१ | १०० | ४०९ |
| १८. | धनकुटा, धनकुटा | माग नभएको | | माग नभएको | | २१० | २१० | २१० | २१० | २१० |
| १९. | खाँदवारी, संखुवासभा | माग नभएको | | माग नभएको | | १८० | - | १८ | - | १८० |
| २०. | बैतडी, बैतडी, | ११ | - | १० | ५ | ४८ | - | २२ | - | ६९ |
| | **जम्मा** | १७७२ | १३८६ | ७६८ | ७३८ | ४८५६ | २१९३ | ४०५८ | २१९३ | ७३९६ |

# दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका उद्घाटनका केहि झलकहरु





मिति २०७२ मसिर २३ गतेका दिन करैया मक्रहर दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाको उद्घाटन गर्नु हुँदै माननीय सभासद तथा नेपाली काँग्रेसका केन्द्रिय सदस्य श्री बालकृष्ण खाँणज्यू





मिति २०७२ भाद्र २७ गतेका दिन मुकुन्दपुर दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ  आयोजनाको उद्घाटन गर्नु हुँदै खानेपानी तथा ढल निकास विभागका महानिर्देशक श्री राम चन्द्र देवकोटाज्यू





मिति २०७२ मसिंर २८ गतेका दिन लमही दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ  आयोजनाको उद्घाटन गर्नु हुँदै  आयोजना व्यवस्थापन कार्यलयका का.मु आयोजना निर्देशक श्री तिरेश प्रसाद खत्रीज्यू

## विलिङ्ग सफ्टवेर तालिम सम्पन्न




दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गतका २१ वटा खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था/ समितिका कम्प्युटर अपरेटरहरुलाई, उपभोक्ता संस्थाको हिसाब किताब चुस्त दुरुस्त राख्ने तथा पानी शुल्कको विलिङ्ग कम्प्युटर प्रणालीबाट गराइ संस्थालाइ सक्षम बनाउने उद्देश्यले मिति २५/०३/२०७२ देखि २८/०३/२०७२ सम्म चार दिने विलिङ्ग सफ्टवेर सम्बन्धी आवासीय तालिम नगर विकास कोष, राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र र आयोजना व्यवस्थापन कार्यालयको संयुक्त तत्वावधानमा राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र, नगरकोटमा सम्पन्न भयो ।

उक्त कार्यक्रमको उद्घाटन सत्रमा आयोजना व्यवस्थापन कार्यलयका का. मु. आयोजना निर्देशक श्री तिरेश प्रसाद खत्री तथा नगर विकास कोषका कार्यकारी निर्देशक श्री सुशिल ज्ञवालीज्यूले तालिमको बारेमा प्रकाश पार्नु भएको थियो । उक्त तालिममा जम्मा ६ जना महिला सहित २८ जनाको सहभागीता रहेको थियो । साथै तालिममा सहभागीहरुलाई विलिङ्ग सफ्टवेर पनि उपलब्ध गराइएको थियो ।

## त्रिपक्षीय सम्झौता सम्पन्न

पहिलो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गतका गोरखा, बन्दीपुर, सुनवल, वालिङ्ग तथा तुलसीपुर नगर आयोजना बाहेक अरु २४ वटा नगर आयोजनाहरु फिक्कल, त्रियुगा, पर्सा, रत्ननगर, लेखनाथ, विरेन्द्रनगर, अत्तरिया, महेन्द्रनगर, कोहलपुर, घोराही, विजुवार, कावासोती, कुस्मा, वेनी, खैरेनीटार, बर्दिबास, कमलामाई, सुरुङ्गा, बुधबारे, विर्तामोड, बेलवारी, इटहरी, बर्दघाट तथा लम्की नगर आयोजनाको पुन निर्माण संचालन एवं व्यवस्थापन गर्ने सम्बन्धमा आयोजना व्यवस्थापन कार्यालय, नगर विकास कोष र सम्बन्धित खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था बीच काठमाडौंमा त्रिपक्षीय वित्तीय सम्झौता सम्पन्न भयो ।

## दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनामा पानी संचालन पश्चात महिला उपभोक्ताहरुको आयोजना प्रतिको धारणाः

### प्रश्नहरु

प्र. १ दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न भई पानी प्रयोग गर्दै आउनु भएको छ कस्तो महसुस गर्दै हुनुहुन्छ ?

प्र. २ पानीको गुणस्तर प्रति सन्तुष्ट हुनुहुन्छ ? किन र कसरी ?

प्र. ३ पानीको परिमाण प्रति सन्तुष्ट हुनुहुन्छ ? किन र कसरी ?

प्र. ४ घरको आगनमै पानी आएपछी पहिलेको भन्दा सुविधा र सहज भएको छ ? छ भने कसरी ?

प्र. ५ पानी प्रयोग गरे वापत शुल्क तिरीरहनु भएको छ होला, त्यसो भए शुल्क तिर्दा पैसाको सदुपयोग भएको जस्तो लाग्छ/ लाग्दैन ? किन ?

प्र. ६ अन्तिममा, आयोजना कार्यन्वयन दौरान खानेपानी, सरसफाइ तथा स्वास्थ्य सम्बन्धी विभिन्न जनचेतनामूलक क्रियाकलापहरु संचालन भए होलान्, साथै पानी संचालन, भएपछि चर्पी तथा सरसफाइको लागि पनि सजिलो भएको होला, वर्तमान सरसफाइको स्थिति, आयोजना आउनु भन्दा पहिलेको अवस्थालाई दाजेर हेर्दा कत्तिको उपलब्धीमूलक भएको पाउनु भएको छ ?

### जवाफहरु

**श्री गिता पाण्डे**
**अध्यक्ष, महिला समूह**
**करैया मक्रहर दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना रुपन्देही**

- खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न भई पानी प्रयोग गर्दै आएका छौ, यस सम्बन्धमा हामी अतिनै खुसी भएका छौं । किन भने यस क्षेत्रमा खानेपानीको अति नै अभाव भएको हुँदा चापाकलको पानी २–४ महिनामा सुक्ने भएकोले ठेक्काबाट पानी किनेर अति महंगो मूल्यमा ल्याउनु पर्थ्यो । अहिले आएर पानी प्रशस्त मात्रामा पाइएकोमा हामी सन्तुष्ट छौं ।
- पानीको गुणस्तरमा हामी सन्तुष्ट छौं । पानीको गुणस्तर चेक गरेर राम्रो र शुद्ध पानी पिउन पाएका छौं । पानीका कारणले विभिन्न किसिमका रोग लाग्ने भएकोले शुद्ध र गुणस्तरको पानी आवश्यकता पर्दछ ।
- पानीको परिमाण प्रति सन्तुष्ट छौं किन भने हालमा पानी रेगुलर आएको छ । तर भविष्यमा यो पानीको परिमाणले थेग्न सक्दैन जस्तो छ ।
- घरको आगनैमा पानी आएकोले पहिला भन्दा धेरै सहज भएको छ । किन भने पहिला चापाकलको पानी आफैले चलाएर लैजानु पर्थ्यो भने अहिले धारा जडान गरी धारा खोले मात्र हुन्छ ।
- पानीको प्रयोग गरे वापत शुल्क तिर्नै पऱ्यो । अहिले शुरुको अवस्थामा हाम्रो संस्था ऋणी नै छ । पछि पनि राम्रै सदुपयोग होला भन्ने आशामा छौं ।
- आयोजना कार्यन्वयनको दौरानमा जनचेतना मूलक कार्यक्रम, फोहोर व्यवस्थापन सम्बन्धी कार्यक्रम आएको थियो । त्यस कार्यक्रममा ३ दिने कम्पोष्ट मल बनाउने तालिम दिइएको थियो । फोहोरलाई व्यवस्थापन गर्नु पर्छ भन्ने ज्ञान उपभोक्तालाई दिईएको थियो र तरकारी वारीकालागि पनि अतिनै सजिलो भएको छ । पहिले त पानीको अभावले गर्दा राम्रोसँग सरसफाइ गर्न पनि कठीन थियो ।

**भक्ति दवाडी**
**स्वस्थानी टोल**
**भासी दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजना, कञ्चनपुर**



- शुद्ध, सफा, स्वच्छ खानेपानी गाँउघर आँगनमा आएकोमा खुशी छु ।
- हेण्डपम्पको पानी दुषित, गन्हाउने, फोहोर हुनुका साथै मर्मतमा खर्च लाग्ने, सेतो लुगा तथा दाँत पहेलो हुने, सेतो लुगामा उजाला प्रयोग गनुपर्ने बाध्यता थियो भने अहिले दोस्रो साना शहरी खानेपानी तथा सरसफाई आयोजनाको  खानेपानी उपभोग गरे पश्चात माथिका समस्याहरू समाधान भएका छन् ।
- जारको पानी खरिद गरि खानुपर्ने, ग्यालेन बोकेर २ कि.मी टाढा बजारबाट खानेपानी बोक्नुपर्ने समस्या थियो भने समितिले उपलब्ध गराएको ८००० लि. पानी मासिक खपतका लागि दिएको सुविधा मेरो ४ जनाको परिवारलाई उपयुक्त  छ ।
- घरको आगनमै पानी आएपछि विशेष गरि हामी महिलाहरूलाई मेहनत, समयको सदुपयोग भएको छ साथै खानेपानी सोझै पहिलो तल्लामा पुग्ने भएकोले  टैंकी र बाथरूममा समेत जडान गरेकाले बाथरूम पहेलो नहुनुका अतिरिक्त बिजुलीको  खपत पनि कम भएको छ ।
- पानी प्रयोग गरे वापत शुल्क तिर्दा  पैसाको सदुपयोग भएको जस्तो  लाग्छ, शुद्ध सफा खानेपानी समयमा आएको, ८० प्रतिशत रोग पानी बाट सर्ने भएकाले औषधोपचारको खर्च कम भएको साथै बिजुलीको महशुल पनि कम भएकाले  पैसाको सदुपयोग भएको जस्तो लाग्छ ।
- आयोजनाबाट चर्पी नभएका घरधुरीहरूलाई अनुदान दिएर चर्पी निर्माण भएको र  उपभोक्ताहरूले फोहोर फाल्ने डस्टबिन निर्माण, गोबर ग्याँस निर्माण, जथाभावी फोहोर नफालेर एउटा निश्चित ठाँउमा फाल्ने, जैविक र अजैविक फोहोर छुट्याएर राख्ने र औषधी उपचार को खर्च कम हुनुका साथै करेसाबारीमा पानी को प्रयोगले तरकारी उत्पादन गरिरहेका छन् ।

## पुरस्कारबाट सम्मानित तथा बधाइ ज्ञापन

नेपाल सरकारले हरेक बर्ष उत्कृष्ट कार्य गरे बापत नेपाल सरकारका कर्मचारीहरुलाई प्रदान गर्दै आइरहेको निजामती सेवा पुरस्कार, आर्थिक बर्ष २०७१/२०७२ का लागि दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका का.मु. आयोजना निर्देशक श्री तिरेश प्रसाद खत्रीज्यू, नगद रु. १०००००।–सहित उत्कृष्ट निजामती सेवा पुरस्कार बाट सम्मानित हुनु भएको छ ।

त्यसै गरी निजामती सेवा दिवस २०७२ को उपलक्ष्यमा खानेपानी तथा ढल निकास विभाग द्वारा आर्थिक बर्ष २०७१/२०७२ मा उत्कृष्ट योगदान पुऱ्याए वापत दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका कम्प्युटर अपरेटर श्री गंगा चौलागाइ पुरस्कृत हुनु भएको छ ।

यसै अवसरमा दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजनाका सम्पूर्ण कर्मचारी बर्गहरुबाट पुरस्कृत यहाँहरुलाइ हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

## नेपाल सरकार र OFID बीच ऋण सम्झौतामा हस्ताक्षर सम्पन्न




नेपाल सरकार र OFID (OPEC Fund For International Development) बीच २२, सेप्टेम्बर, २०१५ का दिन अष्ट्रियाको राजधानी भियनामा ऋण सम्झौता सम्पन्न भएको छ। नेपाल सरकारको तर्फबाट अर्थ सचिव श्री सुमन शर्मा र OFID का महानिर्देशक श्री सुलेमान जे अल – हरविसले ऋण सम्झौतामा हस्ताक्षर गर्नु भयो। उक्त सम्झौता अनुसार OFID ले साना सहरी खानेपानी तथा सरसफाइ आयोजना कार्यन्वयन गर्नको लागि ऋण यू.एस. डलर २० मिलियन उपलब्ध गराउनेछ ।

विगत धेरै दशक अघि देखिनै OFID द्वारा नेपाल सरकारलाई नेपालको सामाजिक आर्थिक विकासमा सघाउ पुऱ्याउदै आइरहेकोमा, श्री सुमन शर्माले OFID लाई धन्यवाद ज्ञापन गर्नुभयो। साथै सन् १९७६ देखि नै OFID ले नेपालको सामाजिक विकास तथा भौतिक संरचनाहरुको निर्माणको लागि ऋण सहयोग गर्दै आइरहेको बताउनु भयो। उक्त अवसरमा आयोजना ब्यवस्थापन कार्यलयका का. मु. आयोजना निर्देशक श्री तिरेश प्रसाद खत्रीज्यूको पनि उपस्थिति रहेको थियो ।

## दिसाजन्य लेदो व्यवस्थापनकालागि काँकडभिट्टा, चारआली, महेन्द्रनगर र चन्द्रौटा तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना तथा Haiphong Sewerage and Drainage Company (SADCO), भियतनाम बीच MOU मा हस्ताक्षर

तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत नमुनाको रुपमा दिसाजन्य लेदो (Faecal Sludge Management) व्यवस्थापन गर्नको लागि चार वटा साना सहरहरु छनौट गरिएको छ। यी साना सहरहरुमा (क) काँकडभिट्टा, झापा (ख) चारआली, झापा  (ग) महेन्द्रनगर, सुनसरी (घ) चन्द्रौटा, कपिलवस्तु रहेका छन्।

एशियाली विकास वैंकको सहयोग एवं समन्वयमा दिसाजन्य लेदो व्यवस्थापन कार्यको लागि अनुभवको आदान प्रदान गर्न माथिका ४ वटा साना सहरहरु तथा Haiphong Sewerage and Drainage Company ( SADCO), भियतनाम विच MOU मा हस्ताक्षर भएको छ। जस अनुसार भियतनामको SADCO कम्पनीवाट दुई सदस्य सम्मिलित टोलीले  मार्च २०१५ मा यी चारवटा साना सहरहरुको अवलोकन भ्रमण गरी आयोजना स्थल तथा आयोजना व्यवस्थापन कार्यालयमा दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी छलफल तथा अनुभव

आदान प्रदान भएको थियो । त्यसैगरी नेपालबाट पनि माथि उल्लेखीत ४ वटै नगर आयोजनाका पदाधिकारी, आयोजना व्यवस्थापन कार्यालयका पदाधिकारी तथा परामर्श सेवा प्रदान गर्ने पदाधिकारीहरु समेत जम्मा १२ जनाको टोलीले भियतनामको Haiphong सहरको अवलोकन भ्रमण गरेका थिए । उक्त भ्रमणको उद्देश्य अनुरुप निम्न अनुसारका क्रियाकलापहरु सम्पन्न भए ।

१) टोलीले Haiphong सहरमा रहेको दिसाजन्य लेदो व्यवस्थापनको वारेमा विस्तृत अवलोकन गरेका थिए । यो अनुभव अब नेपालमा गर्न लागिएको ४ वटा साना सहरहरुमा दिसाजन्य लेदो व्यवस्थापनको लागि निकै उपयोगी हुनेछ ।
२) दिसाजन्य लेदो जम्मा गर्ने तथा त्यसको उपचार गरी उपयुक्त किसिमले Disposal गर्ने कार्यको विस्तृत अवलोकन तथा छलफल भएको थियो ।

## गैर सरकारी संस्थाको संलग्नतामा भएका क्रियाकलाप तथा उपलब्धीहरु

दोस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत लमही, बैतडी, इन्द्रपुर र दमक बाहेक अन्य १७ वटा नगर आयोजनाहरुमा सामाजिक/आर्थिक विश्लेषण, लैङ्गिक समानता तथा सामाजिक समावेशी कार्ययोजना तथा प्रतिफलमा आधारित अनुदान सहयोग कार्यक्रमद्वारा आयोजनाको हरेक पक्ष तथा प्रकृयामा गैरलाभान्वित वर्ग/समुदायको समानुपातिक प्रतिनिधित्व गर्दै जाने, सामुदायिक जनचेतना तथा आयोजनाको प्रत्येक क्रियाकलापहरुमा जनसहभागिता गराउने, स्वास्थ्य र सरसफाइ शिक्षा कार्यक्रम संचालन गर्ने, खानेपानी उपभोक्ता तथा सरसफाइ समिति/संस्थाको क्षमता अभिवृद्धि गर्ने तथा समुदायमा आधारित सहभागीतामूलक ठोस फोहोर व्यवस्थापन गर्ने उद्देश्यले स्थानीय गैरसरकारी संस्थाहरुलाई तीन चरण; आयोजना तयारी चरण, निर्माण चरण, र निर्माण चरण पश्चात परिचालन गराउने नीति अनुरुप गैरसरकारी संस्थाहरुलाई परिचालित गरी सबै आयोजनाहरुमा निर्माण चरण सम्मको क्रियाकलापहरु सम्पन्न भइ सकेका छन् । स्थानीय गैर सरकारी संस्थाले हाल सम्म सम्पन्न गरेका/निरन्तर भईरहेका क्रियाकलापहरु संक्षेपमा निम्न-अनुसार रहेका छन् ।

१) आयोजनावारे जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरी उपभोक्ताहरुसँग ५% अग्रिम नगद संकलनमा सहयोग भएको ।
२) आयोजनाको सम्भाब्यता अध्ययनको दौरान हरेक आयोजनाको सामाजिक आर्थिक प्रोफाइल (विपन्न घर धूरीको पहिचान सहित) तयार भएको ।
३) विपन्न/गैरलाभान्वित वर्गको लागि लक्षित प्रतिफलमा आधारित अनुदान कार्यक्रमको लागि घरधुरी छनौट गरी धारा जडान र चर्पी निर्माण कार्यमा सघाउ पु-याउने कार्य सिघ्रताका साथ अघि बढिरहेको ।
४) हरेक आयोजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी कार्ययोजना अनुसार कार्यक्रम कार्यन्वयन भईरहेको ।
५) स्वास्थ्य र सरसफाइ सम्बन्धी विभिन्न शिक्षामूलक कार्यक्रम, तालिम, गोष्ठी, जनचेतनामूलक अभियान आदि संचालन भएको ।
६) तोकिए बमोजिमका स्वास्थ्य र सरसफाइ, फोहोरमैला व्यवस्थापन सम्बन्धी तालिमहरु, खानेपानी उपभोक्ता तथा सरसफाइ संस्थाका पदाधिकारीहरुको तालिम, उत्प्रेरणा तालिम, स्वास्थ्य कार्यकर्ताको तालिम, विद्यालय शिक्षक तालिम, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तालिम, फोहोर मैला तथा खेर गएको पानी व्यवस्थापन तालिमहरु सम्पन्न भइसकेका छन् ।


**दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना**
**आयोजना व्यवस्थापन कार्यालयद्वारा प्रकाशित यस अर्ध वार्षिक समाचार पत्रको :**

**संरक्षण:**
**तिरेश प्रसाद खत्री**
(का.मु. आयोजना निर्देशक)

**सल्लाहकार:**
**दिवाकर ढकाल**
(आयोजना उप-निर्देशक)

**सम्पादन:**
**पुष्पाञ्जली राणा**
(समाजशास्त्री)

**सहयोगी:**
**पूनम कार्की**
(सामाजिक विकास सहायक)
**गंगा चौलागाई, कविता गिरी**
(कम्प्युटर अपरेटर)



**सम्पर्क :**

**खानेपानी तथा ढल निकास विभाग**

**दोस्रो/तेस्रो साना सहरी खानेपानी तथा सरसफाइ आयोजना**

**आयोजना व्यवस्थापन कार्यालय**

पानीपोखरी, महाराजगञ्ज, काठमाडौं
फोन नं. ९७७–१–४४२३८४८, ४००६६८५ ,४४२२२३१, फ्याक्स : ९७७–१–४४१३२८०
इमेल : info@ stwsssp.gov. np, वेवसाइट : www.stwsssp.gov.np